संवत २०७६ सालको ऐन संख्या- १

# फेदाप गाउँपालिकाको आर्थिक ऐन, २०७६

## गाउँसभा बाट स्वीकृत मितिः-२०७६।०३।२२


फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः फेदाप गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फेदाप गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "फेदाप गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि फेदाप गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भुमि कर (मालपोत)**: गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्तिहरुले आफ्नो नाममा रहेको जग्गा बापत अनुसुची (१) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

४. **वित्तीय तथा पूँजिगत कारोवारमा लागे कर (व्यवसाय कर)** - गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गा मा अनुसुची (८) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **पार्किङ शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिमको पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले उपलब्ध गराएको बिभिन्न सेवामा सेवाग्राहीवाट अनुसूचि (१०) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसची ११ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **घर धुरी करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घरधुरीको कर अनुसुची (१२) बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

१२. **विक्री तथा निकासी शुल्कः** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको विक्री तथा निकासी बापतको अनुसुची (१३) बमोजिमको शुल्क लगाउने तथा कर लगाइने र असुल उपर गरिनेछ ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर तीन भन्दा बढी व्यवसाय गर्ने व्यक्ति संस्थालाई अधिकतम तीन वटा व्यवसायमध्ये उच्चतम दरको कर लिइ बाँकी व्यवसायको कर मिनाहा गरिनेछ ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १

(दफा २ सँग सम्वन्धित)

### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका व्यक्तिहरुले आफ्नो जगगाको तिरो तिर्नु पर्ने शुल्क

| क.सं. | प्रकार | खेत (प्रति रोपनी रु.) | बारी (प्रति रोपनी रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्वल | १२ | १० | |
| २ | दोयम | १० | ८ | |
| ३ | सिम | ८ | ६ | |
| ४ | चाहार | ६ | ४ | |
| ५ | घडेरी | प्रति घडेरी रु. २००।- | | |

नोटः एक रोपनी भन्दा कम जग्गा भएमा रु. २० शुल्क लिइनेछ

अनुसुची – २

(दफा ३ संग सम्वन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने घर वहाल करको दर

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा वहालमा दिएमा घरधनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २ | कुनै पनि सार्वजनिक सँस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा वहालमा दिएमा | सम्झौता भए वापतको १०% | |

अनुसुची ३

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने (बित्तीय तथा पूँजिगत कारोवारमा लाग्ने कर) व्यवसाय करको दर

| क्र.सं. | विवरण | दर्ता दस्तुर | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | २५० | |
| २ | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | १००० | ५०० | |
| ३ | तालिम हल, एटयाच टोइलेट बाथरुम, वाईफाई सहितको होटल | २००० | १००० | |
| ४ | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | १००० | ५०० | |
| ६ | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज, कपडा/जुत्ता/चप्पल पसल, नर्शरी (फलफुल, कृपिजन्य बोटबिरुवा उत्पादन, बिक्रिबितरण), मेडिकल/एग्रोभेट | १००० | ५०० | |
| ७ | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामाग्रीहरु), ईन्धन व्यवसाय, | ५०० | २५० | |
| ८ | हार्डवेयर, फर्निचर | १५०० | ७५० | |
| ९ | सुनचाँदि पसल, बोर्डिङ विद्यालय, मनि एक्स्चेन्जर (IME) | २००० | १००० | |
| १० | सहकारी तथा लघुवित्त (दर्ता) | ३००० | १५०० | |
| ११ | बैंकिङ तथा बित्तीय कारोवार (ईजाजत/दर्ता) | १०००० | ५००० | |
| १२ | टेलर/सैलुन/विउटी पार्लर, फ्रेश हाउस, स्टेशनरी | ५०० | २५० | |
| १३ | ईलेक्ट्रोनिक्स पसल (मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलिका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु), साइवर, ट्रेकिङ एजेन्सि | ५०० | २५० | |
| १४ | अन्य व्यवसाय | ५०० | २५० | |

## अनुसुची – ४

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने विज्ञापन करको दररेटः

| क्र.सं. | प्रकार | दररेट वार्षिक रु. | कफियत |
|---|---|---|---|
| १ | कुनै व्यवसाय, कम्पनी, होटल व्यवसायले होर्डिङ वोर्ड, ग्लो वोर्ड, साइनवोर्ड, स्टल, फ्लेक्स प्रिन्ट, पर्खाल बार भित्ता आदिमा विज्ञापन गरे बापत | १००० | |

तर प्रदेश कानूनले निर्धारण गरेकोमा सोही वमोजिम संकलन गरिनेछ ।

अनुसुची ५

(दफा ६ सँग सम्वन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जादु, चटक देखाये बापत लगाउने मनोरञ्जन कर –

| क्र.सं. | विवरण | दररेट (एक पटकको) | कैफियत |
|---|---|---|---|
| १ | जादु, चटक, नाटक, सर्कस देखाए बापत | १०० | |
| २ | सिनेमा/डकुमेन्ट्री आदि तयार र प्रदर्शन गर्नका लागि | १००० | |

तर प्रदेश कानूनले निर्धारण गरेमा सोही बमोजिम संकलन हुनेछ ।

अनुसुची – ६

(दफा ७ सँग सम्वन्धित)

गाउँपालिकाले आफुले निर्माण, रेखदेख, वा संचालन गरेका हाट वजार, पसल वा सरकारी जग्गामा लगाउने बहाल बिटौरी शुल्कः

| क.सं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाले निर्माण गरेको वा आफ्नो स्वामित्वामा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति | १००० | प्रति दिन |
| २ | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास | ५०० | वार्षिक |
| ३ | गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटवजार, मेला जात्रामा थापेको पसल | | |
| ३.१ | किराना पसल | २० | प्रति हटिया |
| ३.२ | मासु पसल | ५० | प्रति हटिया |
| ३.३ | कपडा पसल | ५० | प्रति हटिया |
| ३.४ | साग सब्जी, तरकारी पसल | २० | प्रति हटिया |
| ३.५ | अन्य पसल | २० | प्रति हटिया |

अनुसूची – ७

(दफा ८ संग सम्वन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने पार्किङ शुल्क

| क्र.सं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल | रु. २० | प्रतिघन्टा |
| २ | चारपांग्रे कार, जिप, भेन | रु. ५० | प्रति घन्टा |
| ३ | चारपांग्रे हेभी बस, ट्रक, डोजर, स्काइभेटर, ट्र्याक्टर | रु. १०० | प्रति घन्टा |

## अनुसुची ८

(दफा ९ सँग सम्बन्धित)

गाउँपालिकाले उपलब्ध गराएको सेवाबाट निम्नानुसारको सेवा शुल्क दस्तुर लगाउने र असुल उपर गर्नेछ ।

| क्र.सं. | सिफारिसको विवरण | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत सिफारिस | १०० | |
| २ | संघ संस्थाको सिफारिस | १०० | |
| ३ | नागरिकता सिफारिस | १०० | |
| ४ | नागरिकता प्रतिलिपि | २०० | |
| ५ | नाता प्रमाणित (जिवित सँगको/मृतक सँगको) | २०० | |
| ६ | मदिरा उद्योग सिफारिस | १००० | |
| ७ | घर जग्गा नामसारी सिफारिस | २०० | |
| ८ | मोही लगत कट्टा सिफारिस | २०० | |
| ९ | घर कायम सिफारिस | २०० | |
| १० | छात्रवृत्ती सिफारिस | १०० | |
| ११ | अपाङ्ग सिफारिस | ५० | |
| १२ | स्थायी/अस्थायी बसोबास सिफारिस | १०० | |
| १३ | वैबाहिक अङ्गिकृत नागरिकता सिफारिस | २०० | |
| १४ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १००० (तर २०,००,००० भन्दा बढी भएमा जम्मा मुल्याङ्कनको ०.५% ले) | |
| १५ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० (निशुल्क) | |
| १६ | विद्युत/धारा जडान सिफारिस | २०० | |
| १७ | जिवित रहेको सिफारिस | ५००० | |
| १८ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० | |

| | | | |
|---|---|---|---|
| १९ | फरक जन्ममिति संशोधन सिफारिस | १०० | |
| २० | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | ५०० | |
| २१ | व्यवसाय बन्द/सन्चालनमा नरहेको सिफारिस | ५०० | |
| २२ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २३ | कोर्ट फि मिनाहा सिफारिस | १०० | |
| २४ | नावालक परिचय पत्र सिफारिस | १०० | |
| २५ | चौपाय सम्वन्धि सिफारिस | १०० | |
| २६ | व्यवसाय दर्ता सिफारिस | २०० | |
| २७ | संघ संस्था दर्ता सिफारिस | ५०० | |
| २८ | व्यवसाय नविकरण सिफारिस | २०० | |
| २९ | उद्योग/ विद्यालय ठाउँसारी सिफारिस | १००० | |
| ३० | विद्यालय सन्चालन स्विकृत/कक्षा वृद्धि सिफारिस | १००० | |
| ३१ | जग्गा दर्ता सिफारिस | १०० | |
| ३२ | संरक्षक सिफारिस | १०० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | |
| ३४ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | |
| ३५ | घरबाटो/चारकिल्ला प्रमाणित | २०० | |
| ३६ | हकवाला वा हकदार प्रमाणित | १०० | |
| ३७ | अविवाहित प्रमाणित | ५०० | |
| ३८ | जग्गा धनिपुर्जा हराएको सिफारिस | १०० | |
| ३९ | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | |
| ४० | मिलापत्र कागज/उजुरी दर्ता | १०० | |

| | | | |
|---|---|---|---|
| ४१ | विवाह दर्ता (३५ दिन पछी दर्ता हुन आएमा) | ५० | |
| ४२ | जन्म दर्ता (३५ दिन पछि दर्ता हुन आएमा) | ५० | |
| ४३ | मृत्यु दर्ता | ० (निशुल्क) | |
| ४४ | बसाईसराई (३५ दिन पछि दर्ता हुन आएमा) | ५० | |
| ४५ | घटना दर्ता प्रतिलिपि | २०० | |
| ४६ | हल भाडा / जेनेरटर भाडा / साउन्ड सिस्टम भाडा | ५०० | |
| ४७ | उद्योग दर्ता सिफारिस | ५००० | |
| ४८ | चल अचल सम्पत्ति सिफारिस | १००० (२५ लाख सम्मको), त्यो भन्दा माथिको हकमा ०.५% ले | |
| ४९ | संस्थालाई अनुभव पत्र / कर्मचारीको अनुभव पत्र | ५०० | |
| ५० | वन जडिवुटी पुर्जी सिफारिस | ५०० | |
| ५१ | जग्गा नामसारी | २०० | |
| ५२ | बैंक वित्तीय संस्था दर्ता | ५०० | |
| ५३ | प्राईभेट स्कुल दर्ता | ५००० | |
| ५४ | घरेलु साना उद्योग दर्ता | ५०० | |
| ५५ | खानेपानी मुहान दर्ता | १००० | |
| ५६ | ईन्डियन तथा युके पेन्सन सिफारिस | १००० | |
| ५७ | संवन्धविच्छेद दर्ता | ५०० | |
| ५८ | पशु – विरामी पुर्जी | २० | |
| ५९ | पशु – कृत्रीम गर्भाधारण | ५० | |
| ६० | पशु वन्ध्याकरण (बोका, सुंगुर) | ५० | |
| ६१ | पशु वन्ध्याकरण (गोरु, रांगा) | १०० | |
| ६२ | एफ.एम. संचालन दर्ता | १०,००० | |

| | | | |
|---|---|---|---|
| ६३ | एफ.एम. नविकरण दस्तुर | रु. ५००० | |
| ६४ | घ बर्ग निर्माण व्यवसायी इजाजत पत्र दस्तुर | रू. २००० | |
| ६५ | घ बर्ग निर्माण व्यवसायी नविकरण दस्तुर | रु. १००० | |
| ६६ | घ बर्ग निर्माण व्यवसायी थप दस्तुर (विलम्ब शुल्क वार्षिक) | रु. १००० | |
| ६७ | घ बर्ग निर्माण व्यवसायी इजाजत पत्र प्रतिलिपि दस्तुर | रु. ५०० | |
| ६८ | न्यायिक दस्तुर – कोर्ट फी, बक्सौनी, दशौंद, विशौंद नक्कल दस्तुर, समाव्हान एवं इतलायनाम दस्तुर, सूद, लिफा दस्तुर, टिकट दस्तुर, पनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर, टिकट दस्तुर, पनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर, वकालतसम्बन्धी इजाजतपतर् दस्तुर र न्याय संवन्धि अन्य दस्तुर | रु. १०० | |
| ६९ | नक्सापास दस्तुर – गाउँको | रु. २० | |
| ७० | नक्सापास दस्तुर – बजारको | रु. ५०० | |
| ७१ | फोहोरमैला व्यवस्थापन शुल्क | रु. १०० | प्रति घर प्रति महिना |
| ७२ | सहकारी संस्था दर्ता शुल्क | रु. १००० | |
| ७३ | कृषि/पशु समुह, संस्था दर्ता शुल्क | रु. ५०० | |
| ७४ | कृषि/पशु समुह, सहकारी, संस्था नविकरण शुल्क | रु. २०० | |
| ७५ | अन्य शुल्क | रु. ५०० | |

अनुसुची – ९

(दफा १० सँग सम्वन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लिने पर्यटन प्रवेश शुल्कः

| क्र.सं. | पर्यटक किसिम | दररेट (एक पटकको रु.) | कैफियत |
|---|---|---|---|
| १ | नेपाली | २० | |
| १ | सार्क भित्रका | १०० | |
| २ | एसिया भित्रका | ५०० | |
| ३ | अन्य मुलुकका | १००० | |

अनुसुची – १०

(दफा ११ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको प्रत्येक घरधुरी बाट देहाय बमोजिमको कर लगाउनेछ ।

| क.सं. | प्रकार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | गाउँको साधारण | २० | |
| २ | बजारको | १०० | |

अनुसुची - ११

(दफा १२ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने प्राकृतिक एवं खानीजन्य वस्तुको वस्तुको बाह्य निकासीमा देहाय बमोजिमको बिक्री तथा निकासी शुल्क लगाउने र असुल उपर गर्नेछ ।

| क्र.सं. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा/गिट्टी | रु. ३०० | प्रति ट्र्याक्टर |
| २ | वालुवा | रु. ५०० | प्रति ट्र्याक्टर |